नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक १९९ २०७९ साल फागुन २६ गते शुक्रबार (10 Mar. 2023 Friday) मूल्य रु. ५/-




**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : राष्ट्रपतिमा निर्वाचित पौडलको. ३ पृष्ठमा : स्ववियु निर्वाचन आचारसंहिता.. ३ पृष्ठमा : युक्रेनका खार्किभ र ओडेसामा.

## भन्सारका कर्मचारीले भारतीय नम्बरका सवारीसाधनलाई पाँच सयको रसिद दिएर ६ सय असुली गर्दै




**दैनिक समाचारदाता**
**राजविराज, २५ फागुन ।**

राजविराज भन्सार कार्यालयका कर्मचारीहरुले भारतीय नम्बरका सवारीसाधनहरुबाट ५ सय को रसिद दिएर ६ सय रुँपैया असुली गर्दै गरेको खुलासा भएको छ ।

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका १ मा रहेको राजविराज भन्सार कार्यालयका कर्मचारीहरुले प्रत्येक भारतीय सवारीसाधनहरुबाट अवैध रुपमा एक सयका दरले रकम असुली धन्दामा लागिपरेका छन् ।

बिहीबार भारतको बिहार राज्यको कठौनाबाट बि.आर.३२पि.ए.०००७ नम्बरको कार लिएर राजविराज आउँदै गर्दै सवारीधनी सतिश राउतलाई त्यहाका कर्मचारीले एक दिनको भन्सार वापत ५ सय रुँपैयाको रसिद (अनुमति पत्र) थमाएर ६ सय रुँपैया असुलेको पीडितले बताएका छन् । आफूले ६ सय रुँपैया तिरेकाले सोही अनुसारको रसिद पाउनु पर्ने माग गरे पनि कर्मचारीले विभिन्न बहाना देखाउँदै दिन नमानेको पीडित राउतले संचारकर्मीलाई जानकारी दिए ।

यस्तै बिहीबारै भारतको बिहार राज्य अन्तरगत निर्मलीका डा. कौशल कुमार सिंहले पनि भारतीय नम्बर प्लेट बी.आर.३२पि.ए.०००२ को कार चढी एक आफन्तको बैवाहिक कार्यक्रममा राजविराज सहभागि हुन आइपुगेको बेला एक दिनको भन्सार शुल्क वापत ५ सय रुँपैयाको रसिद (इजाजत पत्र) थमाएर कर्मचारीले ६ रुँपैया असुलेको बताए ।

बैवाहिक समारोहमा छिटो पुग्नु पर्ने भएकाले कर्मचारीहरुसँग विवाद नगरि मागे अनुसारको रकम दिन बाध्य भएको उनले सुनाए । भारतीय नम्बर प्लेट हेर्ना साथ इजाजत पत्र दिने फाँटका कर्मचारीले तोकेका भन्दा बढी शुल्क माग गर्ने र नदिए विभिन्न वहाना देखाई अनावश्यक दुःख दिने गरेको उनले गुनासो पोखे ।

यस्तै त्यहाका कर्मचारीहरुले भन्सार शुल्कमा मात्र नभएर एक दिनका लागि सीमा नजिकको बजारसम्म आउजाउ गर्न निशुल्क प्रदान गरिने सुविधा पासमा समेत मान्छे हेरी हेरी भारतीय सवारीधनीसँग ५० देखी २ सय रुँपैयासम्म असुल गर्ने गरेको यसअघि पनि सयौं घटना भएका छन् ।

अहिले विहेबारीको समय रहेकोले भारतबाट दैनिक दर्जनौं सवारीसाधन नेपाल भित्रिने गरेको छ । ती सबै सवारीधनी र चालकसँग त्यहाका कर्मचारीले मनपरी शुल्क लिने गरेको अधिकांशको गुनासो छ । विभिन्न वहाना गर्दै राज्यकोष लुट्ने र भारतीय नम्बरका सवारीसाधनसँग मनपरी रकम ठग्ने धन्दा रोकिएको छैन् । यसरी लिएको रकमको प्रमाण नहुने तथा अनुगमन गर्ने निकाय पनि मौन रहनाले भन्सारका कर्मचारीहरु होसिएका छन् ।

यता राजविराज भन्सार कार्यालयका प्रमुख दिपेन्द्र झाले सवारी अनुमति फाँटका कर्मचारीले त्यस्तो धन्दा चलाएको बारे अनभिज्ञयता प्रकट गर्दै आएका गुनासाहरु बारे आवश्यक छानबिन गरि दोषिलाई विभागिय कारवाही प्रक्रियामा लैजान प्रतिबद्धता जनाए ।

## राष्ट्रपतिमा पौडेल विजयी



**दैनिक समाचारदाता**
**काठमाडौँ, २५ फागुन ।**

मुलुकको तेश्रो राष्ट्रपतिको रुपमा नेपाली कांग्रेसका वरिष्ठ नेता एवं पूर्व सभामुख रामचन्द्र पौडेल निर्वाचित भएका छन् ।

बिहीबार भएको मतदानमा उनले आफ्ना प्रतिस्पर्धी नेकपा (एमाले)का उपाध्यक्ष सुवासचन्द्र नेम्वाङलाई पराजित गरी निर्वाचित भएका हुन् । मतदानमा पौडेलले ३३ हजार आठ सय दुई र नेम्वाङले १५ हजार पाँच सय १८ मतभार प्राप्त गरेको निर्वाचन आयोगले जनाएको छ ।

राष्ट्रपति पदको निर्वाचनका लागि बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म भएको मतदानमा तीन सय १३ संघीय सांसद र पाँच सय १८ प्रदेशसभा सदस्यले मतदान गरेका थिए ।

राष्ट्रपतिको निर्वाचन संघीय संसद् (प्रतिनिधिसभा र राष्ट्रियसभा) र प्रदेशसभाका सदस्य मतदाता रहेको निर्वाचक मण्डलबाट हुन्छ । राष्ट्रपति निर्वाचनमा संघीय संसद्तर्फ तीन सय ३२ र प्रदेशसभा सदस्य पाँच सय ५० गरी कूल आठ सय ८२ मतदाता कायम छन् । संघीय सांसदको मतभार ७९ र प्रदेशसभा

*बाँकी दुई पृष्ठमा*

## होली मनाएर घर फर्कने क्रममा पूर्वराष्ट्रिय खेलाडी मण्डलको दुर्घट्नामा मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २५ फागुन ।**

कुस्तीका पूर्व राष्ट्रिय खेलाडी एवं सहायक प्रशिक्षक श्याम मण्डलको मोटरसाईकल दुर्घट्नमा परी मृत्यु भएको छ ।

स.४प.३२७५ नम्बर मोटरसाईकलमा सवार मण्डल बुधवार राती १० बजे तीर राजविराज नगरपालिका ११ स्थित पम्प नहरको भित्री सडक खण्डमा दुर्घट्ना भएको थियो ।

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका २ लौनिया निवासी मण्डल राजविराजमा साथी/भाईहरुसंग होली मनाएर घर फर्किंदै गर्दा मोटरसाईकल अनियन्त्रीत भई सो दुर्घट्ना भएको प्रहरीको भनाई छ ।



मोटरसाईकल अनियन्त्रित भई दुर्घट्ना हुँदा गम्भिर घाईते भएका ५० वर्षिय मण्डललाई प्रहरीले तत्कालै उपचारका लागी राजविराजस्थित छिन्नमस्ता अस्पताल पुऱ्याएको थियो । उपचार कै क्रममा राती १२ बजे तिर उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी नरेश कुमार सिंहले जानकारी दिए ।

पारिवारीक श्रोतका अनुसार घरमा परम्परागत संस्कार सकेपछी विहीवार नै गाउँ नजिकैको खाडो घाटमा उनको अन्त्येस्टि गरिएको छ ।

मण्डलका एक छोरा दुई छोरी र श्रीमती छन् । यसैबीच खेलकुद पत्रकार मञ्च सप्तरीले विहिवार एक शोक वक्तब्य मार्फत मण्डलको निधन प्रति गहिरो दुःख ब्यक्त गरेको छ । मञ्चका अध्यक्ष मनोज कुमार माझीद्वारा जारी शोक वक्तब्यमा मण्डलको निधनले खेलकुद क्षेत्रमा अपुरणीय क्षती भएको मन्दै मृतक आत्माको चिरशान्ति तथा शोक सन्तप्त परिवालाई धैर्य धारणा गर्ने शक्ती मिलोस भनी कामना गरिएको उल्लेख छ ।

**आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार**



**तपाईकै सहर राजविराजमा**



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

***हाम्रा विशेषताहरु***

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**
**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

## सम्पादकीय ....

# घर घरमा चर्पी तर, खुल्ला स्थानमै शौच र पिसाब

सन् २०१६ मै सप्तरी जिल्लालाई खुल्ला दिशा मुक्त क्षेत्र घोषणा गरिसकिएको छ । जिल्लामा रहेका तत्कालिन एक वटा नगरपालिका गरि १ सय १४ वटै गाविसमा चर्पी निर्माण गरिसकिएपछि खुल्ला दिसामुक्त क्षेत्र घोषणा गरिएको सरकारी तथ्याङ्कले देखाएको छ । सो समयमा नेपाल सरकारले चर्पी बनाउँनका लागि आवश्यक सामग्रीहरु समेत दिएको थियो ।

उहिले घोषणा गरिएको कुरा अहिले कागजमा मात्र देखिन्छ । जिल्लालाई खुल्ला दिसामुक्त घोषणा गरिएपनि त्यो पूर्णरुपले लागु भएको देखिन्न् । उक्त समयमा सरकारी लहरका कारण घोषणा गरिएको थियो । पछि गएर लहर शुन्य भएपछि पुनः मानिसहरु खुल्ला स्थानमै शौच र पिसाब गरिरहेको देखिन्छ । यो कुनै गाउँ वा एकान्त कुनामा नभएर राजविराजकै बीच सडक छेउमा यस्तो दृश्य प्रसस्त देख्न पाइन्छ । खुल्ला स्थानमा शौच र पिसाब गर्नेहरु गर्भ गर्छन् । कुनै लाज र कुनै संकोच बेगरै उनीहरु खुल्ला स्थानमा शौच र पिसाब गर्ने बानी नै बसाली सकेका छन् । यस्ता कार्यप्रति कुनै निकायको चासो देखिदैन । स्थानिय पालिका मात्र बजेटको बाँडफाँड र बजेटबाट आउने कमिशनकै दाउमा चुर्लुम्म डुबेका छन् । विकासीयमा पनि कमशिल कार्य गरेर कसरी कमिशन बचाउने दाउमा उनीहरु लागिपरेका छन् ।

सहर सुन्दर, सफा, व्यवस्थित तथा जनताको काम सरल र सुलभ तरिकाबाट कसरी हुने बारे कसैलाई चासो छैन् । पालिका भित्रका सडकहरु शौचालयमा परिणत भइरहेको छ, नगरपालिका अगाडी नै शौच र पिसाब गर्ने गरिन्छ तर, पनि पालिका मुकदर्शक भएको छ । तसर्थ यस्ता कार्यहरुलाई निरुत्साहित गर्न निगरानी बढाउनुका साथै सरसफाईमा ध्यान दिनु आवश्यक छ । यसका लागि सम्पूर्ण स्थानिय तहले स्वच्छता अभियानका माध्यमले अगाडी बढ्न आवश्यक कदम चलाउनु जरुरी छ ।

# राष्ट्रपतिमा निर्वाचित पौडलको जीवनी

काठमाडौँ, २५ फागुन (रासस) ।

मुलुकको तेस्रो राष्ट्रपतिका लागि बिहीबार सम्पन्न मतदानबाट नेपाली कांग्रेसका वरिष्ठ नेता एवं पूर्वसभामुख रामचन्द्र पौडेल राष्ट्रपतिमा निर्वाचित हुनुभएको छ ।

पौडेलको जन्म आमा ऋषिमाया र बुवा दुर्गाप्रसाद पौडेलबाट विसं २००१ असोज २९ गते तनहुँको साविक मिर्लुङ बाहुनपोखरामा भएको हो । उहाँका श्रीमती सविता पौडेल र चार छोरी (शर्मिला, संज्ञा, अनुज्ञा, अवज्ञा), एक छोरा (चिन्तन) हुनुहुन्छ ।

मध्यमवर्गीय किसान परिवारमा जन्मनुभएका पौडेलको स्थायी बसोबास व्यास-८ बेलथुम्की तनहुँ हो भने हालको ठेगाना काठमाडौँ-१६ बोहोराटार बालाजु हो । उहाँले शास्त्री (संस्कृत साहित्य, २०२४), स्नातकोत्तर (नेपाली साहित्य २०२७) शिक्षा लिनुभएको छ ।

विसं २०१६ मा पोखरामा हिमालयन छात्र संघ स्थापना गर्नुभएका पौडेल पोखरा विन्ध्यवासिनी पाठशालामा अध्ययन गर्दैगर्दा विसं २०१७ जेठ-असारमा नेपाल संस्कृत छात्र संघको काठमाडौँ अधिवेशनमा प्रतिनिधि हुनुभएको थियो । विसं २०१७ पुस १ गते जननिर्वाचित संसद् भङ्ग गरी प्रधानमन्त्री बिपी कोइरालालगायत नेतालाई जेलमा राखिएको विरोध गर्दै उहाँ प्रजातान्त्रिक आन्दोलनमा सहभागी हुनुभएको हो ।

नन्दीरात्रि माविबाट एसएलसी परीक्षा उत्तीर्ण गर्नुभएका उहाँले नन्दीरात्रि मावि विद्यार्थी संघको संस्थापक अध्यक्ष, रानीपोखरी मावि विद्यार्थी संघको अध्यक्ष, जुद्धोदय हाइस्कुलमा विभिन्न २२ विद्यालयका विद्यार्थीको भेला गराई स्वतन्त्र विद्यार्थी युनियनको माग गर्दै त्यससम्बन्धी आन्दोलनको नेतृत्व गर्नुभएको थियो ।

उहाँ विसं २०१९ मा नेपाल संस्कृत विद्यार्थी संघको सचिवको हैसियतमा २०१९-२०२० सालमा उपत्यका आन्दोलनमा र २०२०-२०२१ सालमा राष्ट्रव्यापी स्वतन्त्र विद्यार्थी आन्दोलनमा उहाँ गिरफ्तार हुनुभएको थियो ।

कांग्रेस तनहुँको सदस्य (२०३४) र जिल्ला उपसभापति (२०३६)को जिम्मेवारी सम्हाल्नुभएका नेता पौडेल जनमत संग्रहको सिलसिलामा बहुदलीय व्यवस्थाको प्रचार-प्रसार गर्न गठित कांग्रेस तनहुँ समितिको संयोजक २०३७, कांग्रेस केन्द्रीय सदस्य तथा प्रचार विभाग प्रमुख २०४० र विसं २०४३ मा कांगेस केन्द्रीय सदस्य हुनुभएको थियो ।

कांगेस केन्द्रीय महामन्त्री (२०६२-२०६४), कांगेस केन्द्रीय उपसभापति (२०६४-२०७२), कांग्रेस संसदीय दलको नेता (२०६४-२०७०) हुनुभएका पौडेल २०७२ सालमा कांग्रेसको केन्द्रीय कार्यवाहक सभापति हुनुभएको थियो ।

भरतपुर कब्जा गर्ने कांग्रेसको सशस्त्र संघर्षमा संलग्न भएको आरोपमा विसं २०१८ मा काठमाडौँबाट गिरफ्तार भई पहिलोपटक करिब एक महिना हिरासत सजाय भोग्नुभएका पौडेल विद्यार्थी आन्दोलनका क्रममा गिरफ्तार हुनुका साथै त्यसपछिका विभिन्न राजनीतिक आन्दोलनका क्रममा राजनीतिक जीवनमा २०१८ देखि २०६२ सम्म १४ वर्षभन्दा बढी जेल जीवन व्यतित गर्नुभएको थियो ।

उहाँ २०४८ सालमा तनहुँ क्षेत्र नं १ बाट प्रतिनिधिसभा सदस्य निर्वाचित हुनुभएको थियो भने त्यसपछि तनहुँ क्षेत्र नं २ बाट २०५१, २०५६, २०६४, २०७० मा लगातार प्रतिनिधिसभा निर्वाचन र संविधानसभा निर्वाचनमा निर्वाचित हुनुभएको थियो । गत मङ्सिर ४ गते भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा उहाँ तनहुँ क्षेत्र नं १ बाट निर्वाचित हुनुभएको हो ।

निर्वाचनपछि पहिलोपटक २०४८ सालमा स्थानीय विकासमन्त्री, विसं २०४९ मा कृषिमन्त्री हुनुभएका उहाँ २०५१ पुस २ गते प्रतिनिधिसभाको सभामुख निर्वाचित हुनुभएको थियो । पौडेल २०५६ साल र त्यसपछि उपप्रधान तथा सूचना/सञ्चार मन्त्री, स्थानीय विकासमन्त्री, उपप्रधान तथा गृहमन्त्री हुनुका साथै शान्ति समितिको संयोजक (२०६१-२०६२), शान्ति तथा पुनःनिर्माणमन्त्री (२०६३-२०६४), कांग्रेस संसदीय दलको नेता तथा संसद्मा प्रमुख प्रतिपक्षी दलको नेता (२०६४-२०७०) को जिम्मेवारी सम्हाल्नुभएको थियो ।

पौडेलले मानव अधिकारसम्बन्धी विभिन्न पुरस्कार, महेन्द्रविक्रम शाह पुरस्कार (महेन्द्रविक्रम शाह नेपाल प्रजातन्त्र कांग्रेसका संस्थापक हुन्), जापान सरकारले प्रदान गरेको राजकीय सम्मान 'अर्डर अफ द राइजिङ सन'को सम्मान- सन् २०२०) लगायत सम्मान तथा पुरस्कार प्राप्त गरिसक्नुभएको छ ।

उहाँका नेपाली कांग्रेसको सङ्क्षिप्त इतिहास, प्रजातान्त्रिक समाजवाद एक अध्ययन २०४७, नेपाली कांग्रेस र नेपालको आधुनिकीकरण, नेपाली कांग्रेस के भन्छ ?, आस्थाको यात्रा (राजनीतिक विश्लेषण) २०५५, नेपाली कांग्रेस अबको बाटो प्रजातान्त्रिक समाजवाद २०७५, कृषिक्रान्ति र समाजवाद, राजनीतिको राजमार्ग २०७९, नेपाली कांग्रेस रूपान्तरणको मार्गचित्र, नयाँ सन्दर्भमा समाजवाद, अभिशप्त इतिहास (माघ १९ को काण्डपछि)लगायत दर्जनौँ पुस्तक तथा विभिन्न विषयमा पत्रपत्रिका तथा अनलाइनमा समसामयिक लेख रचना प्रकाशित छन् ।

विसं २०२५ मा बिपी कोइराला सुन्दरीजल जेलबाट रिहा भएपछि तत्कालीन विद्यार्थी नेता रामचन्द्र पौडेललाई भेट्न सेन्ट्रल जेल जानु भई अविचलित नहुन आग्रह गर्दै प्रजातान्त्रिक आन्दोलनको नेतृत्व गर्न प्रेरणा दिनुभएको थियो । त्यहाँ बिपीसँग पौडेलको पहिलो भेट भएको थियो । त्यसबेला बिपीले पौडेलसँगै जेलमा रहनुभएका कम्युनिष्ट नेताहरू मनमोहन अधिकारी, शम्भुराम श्रेष्ठ र कमल कोइरालालाई पनि भेट्नुभएको थियो ।

राजनीतिक जीवनमा विसं २०१८ देखि २०६२ सम्म १४ वर्षभन्दा बढी जेल जीवन व्यतित गर्नुभएका उहाँ समाजवादी चिन्तक र प्रयोगकर्ता तथा स्वच्छ छवि, सादा जीवन, उच्च विचारका प्रयोगधर्मी हुनुका साथै स्पष्ट वक्ता र प्रजातान्त्रिक समाजवादका व्याख्याताको विशेष पहिचान बनाउनुभएको छ ।

कांग्रेसभित्र समन्वयकारी, मध्यमार्गी नेताका रूपमा परिचित उहाँले पार्टीका तत्कालीन सभापति बिपी कोइराला, पार्टीका सर्वमान्य नेता गणेशमान सिंह, पार्टीका संस्थापक कृष्णप्रसाद भट्टराई र पछि सभापति गिरिजाप्रसाद कोइराला र सिंह तथा भट्टराईबीचको विवाद तथा मनमुटाव मिलाउन सधैँ मध्यमार्गी र समन्वयकारी भूमिका निर्वाह गर्नुभएको थियो ।

यसैगरी सशस्त्र द्वन्द्वरत तत्कालीन माओवादीलाई मूलप्रवाहको राजनीतिमा ल्याउने ऐतिहासिक वार्ता र सहमतिका काममा अग्रणी भूमिका निर्वाह गर्नुभएका उहाँ विस्तृत शान्ति सम्झौताका मस्यौदाकार तथा सहमति र सहकार्यका पक्षपातीसमेत हुनुहुन्छ ।

पौडेलले नेपालका सबै जिल्ला तथा भारत, चीन, संयुक्त राज्य अमेरिका, जर्मनी, संयुक्त अधिराज्य, स्पेन, बेल्जियम, इटली, फ्रान्स, रोमानिया, नेदरल्याण्डस्, स्वीजरल्याण्ड, पोर्चुगल, टर्की, रसिया, इजिप्ट, इजरायल, माल्दिभ्स, दक्षिण कोरिया, जापान, थाइल्याण्ड, पाकिस्तान, बङ्गलादेश, श्रीलङ्कालगायत देशको भ्रमण गर्नुभएको छ ।

***राष्ट्रपतिमा ...***

सदस्यको मतभार ४८ छ ।

पूर्व सभामुख समेत रहेका पौडेल कांग्रेससहित नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी नेपाल, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी, राष्ट्रिय जनमोर्चा र नेपाल समाजवादी पार्टीको साझा उम्मेदवार हुनुहुन्थ्यो भने अर्का पूर्व सभामुख नेम्वाङलाई एमालेको मात्र साथ थियो ।

मुलुकमा गणतन्त्र स्थापना भएसँगै राष्ट्रपति प्रणालीको अभ्यास सुरु भएको हो । राष्ट्रपतिको पदावधि निर्वाचित भएको मितिले पाँच वर्ष हुने र दुई पटक राष्ट्रपति निर्वाचित भइसकेको व्यक्ति निर्वाचनमा पुनः उम्मेदवार हुन नसक्ने संविधानमा उल्लेख छ ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569


# शान्ति प्रक्रियाका बाँकी काम पूरा गर्ने विधेयक संसद्मा दर्ता गरिने

काठमाडौँ, २५ फागुन (रासस) ।

सरकारले शान्ति प्रक्रियाका बाँकी काम पूरा गर्ने लक्ष्यका साथ सङ्क्रमणकालीन न्यायसँग जोडिएका दुई महत्वपूर्ण विधेयक सङ्घीय संसद्मा दर्ता गर्ने भएको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा बिहीबार बसेको मन्त्रिपरिषद्को बैठकले शान्ति प्रक्रियाका कामलाई यथाशीघ्र अगाडि बढाउने लक्ष्यका साथ ती महत्वपूर्ण विधेयक अगाडि बढाउने निर्णय गरेको हो ।

मन्त्रिपरिषद्ले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक बिहीबारै प्रतिनिधिसभामा दर्ता गर्ने निर्णय गरेको छ । यसअघि अघिल्लो सरकारले समेत सो विधेयक अगाडि बढाएको थियो । सङ्घीय संसद्को कार्यकाल समाप्त भएपछि ती विधेयक निस्क्रिय भएका थिए ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माका प्रेस संयोजक नरेन्द्र केसीका अनुसार शान्ति प्रक्रियाका बाँकी काम पूरा गर्ने लक्ष्यका साथ ती विधेयक सङ्घीय संसद्मा पेश गर्ने निर्णय गरेको हो ।

यस्तै, खाद्य पदार्थमा जीवनाशक विषादीको अवशेषको अधिकतम सीमा निर्धारण गर्ने विषय थप छलफलका लागि सम्बन्धित समितिमा पठाउने निर्णय भएको छ । खाद्य पदार्थ, तरकारीलगायतको परीक्षण एवं अखाद्य वस्तुको निर्क्यौल गर्ने सम्बन्धमा सरकारले आवश्यक चासोका साथ प्रक्रिया अगाडि बढाएको प्रेस संयोजक केसीले जानकारी दिनुभयो ।

# स्ववियु निर्वाचन आचारसंहिता : पोस्टर टाँस्न नपाइने

काठमाडौं, २५ फागुन (रासस)। त्रिभुवन विश्वविद्यालय (त्रिवि)ले आगामी चैत ५ मा हुने स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनमा प्रचारप्रसार गर्नका लागि रङ्रोगन र कुनै पनि प्रकारको पोस्टर टाँस्न नपाइने गरी आचारसंहिता जारी गरेको छ।

त्रिविले जारी गरेको स्ववियु निर्वाचनमा आचारसंहितामा निर्वाचनसम्बन्धी कुनै पनि तुल, फ्लेक्स र पोस्टर टाँस्न नपाइने उल्लेख गरिएको त्रिविका विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयक निर्देशक पशुपति अधिकारीले जानकारी दिनुभयो।

उहाँका अनुसार क्याम्पसको कम्पाउण्ड वालको बाहिरिपट्टी, भित्रपट्टी र क्याम्पस वरिपरि बालपेन्टिङ गर्न र त्रिविका क्याम्पसमा हानी नोक्सानी हुने कुनै प्रकारको प्रचार गर्न पाइने छैन। यस्तै उम्मेदवारले आफ्नो निर्वाचन घोषणापत्र र उम्मेदवारको नामावली एफोर साइजको एकै रङ भएको मात्रै प्रचारप्रसार गर्न पाइनेछ।

आचारसंहितामा क्याम्पस निर्वाचन समितिमा दर्ता सङ्घ, सङ्गठन, समूह वा स्वतन्त्र उम्मेदवारलाई एउटै मञ्चमा राखी परिचयात्मक कार्यक्रम क्याम्पस निर्वाचन समितिले सञ्चालन गर्ने र उक्त कार्यक्रमका एक अर्काप्रति आपेक्ष वा आरोप लगाइने वाक्य बोल्न नपाइने पनि आचारसंहितामा उल्लेख गरिएको छ।

क्याम्पस हाताभित्र माइकबाट कुनै पनि प्रकारको प्रचारप्रसार गर्न नपाइने, विभिन्न माग राखी वा निर्वाचनको विषयलाई लिएर बन्द हड्ताल गर्न नपाइने उल्लेख छ। आचारसंहितामा मतदान हुनुभन्दा ४८ घन्टा अगाडिदेखि निर्वाचनको प्रचारप्रसार गर्न नपाइने उल्लेख छ।

निर्वाचन कार्यतालिका अनुसार स्ववियु निर्वाचनका लागि यही फागुन २७ गते बिहान ११ बजेदेखि दिउँसो २ बजेसम्म समानुपातिक तथा प्रत्यक्षतर्फको उम्मेदवारी दर्ता गर्दैछन्। गत फागुन १९ गते निर्वाचनका लागि विद्यार्थी सङ्घ सङ्गठन दर्ता भएका छन्। आगामी चैत ५ गते बिहान ८ बजेदेखि दिउँसो ४ बजेसम्म देशभरिका त्रिविका ६२ आङ्गिक र एक हजार ४० सम्बन्धन प्राप्त क्याम्पसमा हुँदैछ।

# २९ हजारले लिए ई-सिम

काठमाडौं, २५ फागुन (रासस)। नेपालमा ई-सिम (इम्बेडेड सवस्क्राइबर आइडेन्टिटी मोड्युल) प्रयोगकर्ताको सङ्ख्या २९ हजार नाघेको छ। नेपाल टेलिकमका प्रवक्ता शोभन अधिकारीले गत भदौ ३१ देखि हालसम्म २९ हजारभन्दा बढी वितरण भइसकेको जानकारी दिनुभयो।

नेपाल टेलिकमले सुरुमा सुन्धारा काउन्टरबाट ई-सिम वितरण गरेको थियो। साथै गत असोज ४ देखि नक्साल, चावहिल, ठिमी, भक्तपुर, पाटन, गोङ्गबु, छाउनी र पुलचोक ग्राहक सेवा केन्द्रबाट वितरण सुरु गरेको थियो भने मङ्सिर ८ देखि भने देशभर ई-सिम उपलब्ध गराइएको हो।

"नेपाल टेलिकमका पुराना ग्राहकले ई-सिम लिन चाहेमा निःशुल्क प्राप्त गर्न सक्छन्। पोस्टपेडको नयाँ ई-सिम लिन चाहनेले अहिले बिक्री भइरहेकै मूल्यमा लिन सक्छन्", प्रवक्ता अधिकारीले भन्नुभयो, "ई-सिममा ग्राहकले आफ्नो उपकरणअनुसार बढीमा २० वटासम्म नेटवर्क अर्को मोबाइल सेवा प्रदायको नेटवर्कमा जोड्न सक्छन्।" तर एकपटक भने एउटा नेटवर्कमा जोड्न सकिने उहाँको भनाइ छ।

**के हो ई-सिम ?**

ई-सिम इलेक्ट्रिक सिम हो। जुन मोबाइल डिभाइस तथा डिजिटल डिभाइसमै इम्बेड गर्न सकिन्छ। मोबाइल सेटबाहेक ई-सिमलाई अन्य डिभाइस तथा स्मार्ट वाच र शरीरमा पहिरिनयोग्य विभिन्न प्रकारका डिभाइसमा पनि प्रयोग गर्न सकिन्छ। ई-सिम उपलब्ध भएपछि भौतिक रुपमा प्रयोग गरिने सिमकार्डको आवश्यकता रहँदैन।

ई-सिम प्रयोग गर्न मोबाइल सेटमा ई-सिम इन्स्टल गर्नका लागि क्युआर कोडमार्फत स्क्यान गर्नुपर्छ। क्युआर कोडको सुविधा भएका पछिल्लो पुस्ताका मोबाइल सेटमा मात्र ई-सिम प्रयोग गर्न सकिन्छ।

सिमकार्डमा प्रयोग हुने स्टोरेज, मेमोरी मोबाइल डिभाइसमा हुन्छ। ग्राहककर्ताले प्रयोग गर्ने मोबाइलमा भएको विशेषताअनुसार र ग्राहकले लिन चाहने सेवासँग ई-सिम जोडिन्छ। ई-सिम इम्बेड हुनाले सिमकार्डजस्तो हराउने, भाँचिने हुँदैन।

यस्तो सुविधा यदि कुनै व्यक्ति विदेशमा गएको खण्डमा विदेशको नेटवर्क सेवा लिएर पुरानो नेटवर्क पनि राख्न सकिन्छ। त्यसलाई मोबाइलबाट हटाउन वा सिम निकाल्नुपर्ने झन्झट हुँदैन। विदेशमा उतैको ई-सिम लिएर सहजै विदेशी नेटवर्कसँग जोडिन सकिन्छ।

सिमकार्ड प्रयोगमा रहँदा मोबाइल हराएको खण्डमा पुनः पहिले लिएको सिमको प्रक्रियाअनुसार प्राप्त गर्न सकिन्छ भने ई-सिम प्रयोगकर्ताको सुविधालाई मध्यनजर गर्दै मोबाइल हराएको खण्डमा हालसम्म दुई/तीन पटकसम्म क्युआर स्क्यान गरी सोही सिम लिन सकिन्छ।

जुन स्कानर ग्राहकले ई-सिम लिँदा नै प्राप्त गर्ने व्यवस्था हुन्छ। जसको सुरक्षा ग्राहक स्वंयमले नै गर्नुपर्छ। ई-सिम सपोर्ट गर्ने जुनसुकै ग्राहकले ई-सिम प्राप्त गर्न सक्ने व्यवस्था छ। सिमकार्डको प्राप्तिका लागि चाहिने कागजात र शुल्क ई-सिम प्राप्त गर्नका लागि पनि एउटै व्यवस्था छ। सिमकार्डमा भएको सबै सेवा ई-सिममा पनि रहेन र ई-सिममा थप सुविधा रहन्छ।

ई-सिममार्फत एउटा फोनबाट अर्को फोनबाट डाटा सार्न, ई-सिममा उपलब्ध डाटालाई आवश्यकता अनुसार परिवर्तन गर्न समेत सकिन्छ। मोबाइलले ई-सिम सपोर्ट गर्छ भने जुन अपरेटरको सेवा लिन मन छ ग्राहकको्मा आफ्नो केवाईसी अद्यावधिक गराएर सिम प्रोफाइल अपडेट गराए मात्र पुग्ने टेलिकमले जनाएको छ।

विश्वभर सूचना प्रविधिले फड्को मारेको परिवेशमा नेपालमा पनि ई-सिमको माग पनि बढ्दै गएको छ। नयाँ प्रविधिको विकाससँगै भविष्यमा ई-सिमको माग बढ्नसक्ने सम्भावना रहेको प्रवक्ता अधिकारीले बताउनुभयो।

# भित्तेपात्रो प्रकाशन गर्न पञ्चाङ्ग निर्णायक समितिको स्वीकृति लिनुपर्ने

काठमाडौं, २५ फागुन (रासस)। नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले भित्तेपात्रो प्रकाशन गर्नुअघि अनिवार्यरुपमा स्वीकृति लिन सार्वजनिक सूचनामार्फत आग्रह गरेको छ।

स्वीकृति नलिइ प्रकाशित हुने भित्तेपात्रोलाई समितिको गठन आदेश २०७७ बमोजिम कानुनी कारबाही गरिने भएकाले अनिवार्यरुपमा स्वीकृति लिन आग्रह गरिएको समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले राससलाई जानकारी दिनुभयो। मन्त्रिपरिषद्ले विसं २०७७ पुस २० गते समितिको गठन आदेश स्वीकृत गर्दै पात्रो र भित्तेपात्रो प्रकाशन गर्नुअघि समितिको स्वीकृति लिनुपर्ने व्यवस्था गरेको हो।

स्वीकृति नलिइ प्रकाशन हुने भित्तेपात्रोले तिथिमिति, चाडपर्वलगायत विषयमा आफूखुसी व्हहोरा उल्लेख गरी समाजमा भ्रम पैदा गर्ने गरेकाले यस्तो व्यवस्था गरिएको समितिले जनाएको छ। विसं २०७७ मा मन्त्रिपरिषद्ले स्वीकृत गरेको गठन आदेश २०७८ साल असारमा नेपाल राजपत्रमा प्रकाशन भएपछि २०७९ सालदेखि पात्रो र भित्तेपात्रोका लागि अनिवार्यरुपमा स्वीकृति लिनुपर्ने व्यवस्था गरिएको हो।

विसं २०७९ मा स्वीकृति नलिएको पात्रो र भित्तेपात्रोलाई पनि यस वर्षदेखि अनिवार्यरुपमा स्वीकृति लिन समितिले आग्रह गरेकाले यस वर्षदेखि भने स्वीकृति नलिने पात्रो र भित्तेपात्रोका सञ्चालकलाई कार्यविधि बनाएर नै कारबाही गर्ने तयारी समितिले गरेको अध्यक्ष प्रा श्रीकृष्ण अधिकारीले बताउनुभयो।

सामुदायिक कामका लागि प्रकाशन गरिने भित्तेपात्रोले भने स्वीकृतिका लागि रु दुई हजारको रसिद काटेर स्वीकृति लिनसक्ने भएका छन्। विद्यालय, क्याम्पस, सामुदायिक प्रहरी, सामुदायिक अस्पताललगायत सामुदायिक काम गर्ने संस्थाले रु दुई हजारको रसिद काट्नुपर्ने उहाँले बताउनुभयो।

भित्तेपात्रो स्वीकृतिका लागि अनलाइनबाट फाराम भरेर इसेवामार्फत शुल्क तिरी स्वीकृति लिन सकिने व्यवस्था गरिएको छ। व्यापारिक प्रयोजनका भित्तेपात्रोले रु १० हजार, व्यापारिक प्रयोजन नभए मूल्य नराखी प्रकाशन गरिने अन्य भित्तेपात्रोले भने रु पाँच हजारको रसिद काट्नुपर्ने व्यवस्था समितिले गरेको छ।

## विश्व समाचार

### युक्रेनका खार्किभ र ओडेसामा रुसी आक्रमण

किएभ, २५ फागुन (रासस/एएफपी)। रुसले युक्रेनका ओडेसा र खार्किभ क्षेत्रलाई लक्ष्य गरेर हवाई आक्रमण गरेको छ। महिनौंदेखि ती क्षेत्रमा क्षेप्यास्त्र र ड्रोन हमला गरेर रुसले पानी र बिजुली आपूर्तिमा अवरोध गरिरहेको स्थानीय अधिकारीहरूले बताएका छन्।

खार्किभका गभर्नर ओलेग सिनेगुबोभले ती क्षेत्रका महत्वपूर्ण पूर्वाधारमा १५ पटक हमला भएको बताउनुभएको छ। प्रारम्भिक जानकारीअनुसार खार्किभ क्षेत्रको एउटा निजी आवासीय भवनमा आक्रमण भएको उहाँले सामाजिक सञ्जालमा उल्लेख गर्नु भएको छ। आक्रमणबाट भएको क्षति एवम् हताहतिबारे विवरण सङ्कलन भइरहेको उहाँले बताउनु भएको छ।

खार्किभ नगरका प्रमुख इगोर तेरेखोभले ऊर्जा पूर्वाधारमा आक्रमण भएको जनाउँदै त्यसबाट विद्युत् आपूर्तिमा समस्या भएको बताउनुभएको छ। ओडेसा क्षेत्रका गभर्नर म्याक्सिम मार्च्नेकोले पनि शत्रुले ऊर्जा क्षेत्रका पूर्वाधार तथा आवासीय भवनमा क्षति भएको बताउनुभएको छ। भाग्यवश आफ्नो क्षेत्रमा मानवीय क्षति नभएको उहाँले उल्लेख गर्नुभएको छ।

स्थानीय सैन्य प्रशासनका अनुसार किभए क्षेत्रमा हवाई प्रतिरक्षा प्रणालीलाई सक्रिय पारिएको छ। पश्चिमी खेमेलेन्स्की क्षेत्रका गभर्नर सेइगे गमालीले देशका महत्वपूर्ण पूर्वाधारमा रुसी आक्रमण जारी रहेको बताउँदै त्यहाँका बासिन्दालाई घरबाहिर ननिस्कन तथा सावधानी अपनाउन आग्रह गर्नुभएको छ।

यसैबीच, किएभका नगरप्रमुख भिटाली क्लित्सकोले देशका विभिन्न भागमा हवाई आक्रमण भइरहेका बेला राजधानीमा पनि विष्फोट भएको जानकारी दिनुभएको छ। राजधानीको होलोसिम्स्की जिल्लामा विष्फोट भएको जनाउँदै उहाँले सुरक्षा निकाय तथा सेवा प्रदायकहरू घटनास्थलतर्फ प्रस्थान गरेका बताउनुभएको छ।

औद्योगिक शहर बाख्मुतलाई क्रमशः आफ्नो नियन्त्रण लिएको बुधबार जनाउँदै मस्कोले अन्य क्षेत्रमा पनि आक्रमणलाई तीव्र बनाएको हो। बाख्मुत दुश्मनको कब्जामा आएमा रुस अझ उत्साहित हुने भन्दै युक्रेनले शत्रुलाई रोक्न हरप्रयास गर्नुपर्नेमा जोड दिएको छ। युक्रेनी उपरक्षामन्त्री गन्ना मलियारले बाख्मुतमा बुधबार गरिएको प्रतिकारलाई विजय मान्नुपर्ने बताउनुभएको छ।

### कङ्गोमा द्वन्द्व कारण विस्थापित हुनेहरु बढ्दै

संयुक्त राष्ट्रसङ्घ, २५ फागुन (रासस/सिन्ह्वा)। कङ्गोमा यहाँ जारी रहेको द्वन्द्वका कारण विस्थापित हुने व्यक्तिहरुको सङ्ख्या बढ्दै गएको देखिएको छ। कङ्गोको पूर्वी भूभागमा पछिल्ला केही समययता जारी रहेको द्वन्द्वले यहाँका सर्वसाधारण नागरिकहरु विस्थापित भएका छन्।

राष्ट्रसङ्घको मानवीय सहायतासम्बन्धी एक निकायले दिएको जानकारीअनुसार कङ्गोको पूर्वी क्षेत्रमा केही समय यता हिंसा बढेको छ। त्यस हिंसामा परेर यहाँका २० हजार जनाभन्दा बढी व्यक्ति विस्थापित भएका छन्।यहाँ पछिल्लो समयमा एम २३ नामक एक हिंसात्मक समूहले विद्रोह गरिरहेको छ। सो समूहका विद्रोही र यहाँको सरकारी सेनाका बीचमा दिनहुँजसो भिडन्तहरु हुन थालेका छन्।

यहाँको उत्तरी किभु प्रान्तमा सो विद्रोही समूह र यहाँको सेनाका बीचमा भिडन्तहरु जारी रहेको छ। सो भिडन्तमा परेर यहाँका २० हजार भन्दा बढी स्थानीय नागरिक विस्थापित हुन पुगेका कगोमा रहेको राष्ट्रसंघीय कार्यालयले जनाएको छ।

### दुई तिहाई अफगान नागरिकलाई मानवीय सहायता आवश्यक

संयुक्त राष्ट्रसङ्घ, २५ फागुन (रासस/सिन्ह्वा)। अफगानिस्तानका कम्तीमा पनि दुई करोड ८० लाख अफगान नागरिकलाई तत्कालै मानवीय सहयाताको खाँचो रहेको एक जना संयुक्त राष्ट्रसङ्घीय विशेष दूतले जानकारी दिनु भएको.छ।

उहाँले बुधबार भनेका थिए कि यहाँको कम्तीमा पनि दुई तिहाई जनसंख्याका लागि खाना तथा जीवन रक्षाकै लागि आवश्यक अत्यावश्यक सामग्रीहरुको आवश्यकता परेको छ।

संयुक्त राष्ट्रसङ्घीय ती दूतका अनुसार यस वर्ष यहाँका दुई तिहाई नागरिकलाई जीवन रक्षाकै लागि सो सामग्री आवश्यक परेको छ र यसका लागि चार अर्ब डलरभन्दा बढी रकम आवश्यक परेको छ। यसवर्ष सो रकमको व्यवस्था गर्न नसक्ने हो भने यहाँको अवस्था निकै नाजुक हुन पुग्ने पनि बताइएको छ।

अफगानिस्तानका लागि संयुक्त राष्ट्रसंघीय महासचिव एन्टोनियोग गुटेरेसका विशेष प्रतिनिधि रोजा ओटुबयाभाले सो कुराको जानकारी दिनुभएको हो।उहाँका अनुसार युद्धमा परेको र हाल तालिवान सरकार रहेको यस देशमा खाद्यान्न र नागरिकका आधारभूत आवश्यकताहरुको खाँचो दिनप्रतिदिन पर्दै गएको छ।

# किसान महासंघको अध्यक्षमा रामप्रसाद चौधरी



**दैनिक समाचारदाता**
**राजविराज, २५ फागुन ।**

अखिल नेपाल किसान महासंघ सप्तरीको अध्यक्षमा रामप्रसाद चौधरी निर्वाचित भएका छन् ।

राजविराजमा सम्पन्न महासंघको आठौ जिल्ला अधिवेशनले चौधरीको अध्यक्षतामा ४५ सदस्यीय जिल्ला कार्यसमिति निर्वाचित गरेको हो ।

नवनिर्वाचित कार्यसमितिको उपाध्यक्षमा माया गिरी, सचिवमा देबनारायण यादव, सहसचिवमा प्रभु सेवक यादव र कोषाध्य क्षदिनेश यादव निर्वाचित भएका छन् ।

यसैगरी सदस्यहरूमा सप्तकोशी नगरपालिकाका भगवती चौधरी, रामलाल चौधरी, इन्द्रबहादुर कार्की, कञ्चनरुप नगरपालिकाका हरीहर चौधरी, जाहिर हुसेन, शिवचरण मुखिया, विजय चौधरी, डाक्नेश्वरी नगरपालिकाका नारायण महतो, रेखा चौधरी साह, सुरुङ्गा नगरपालिकाका दिनेशबहादुर बुढाथोकी, शिवकुमार चौधरी निर्वाचित भएका छन् ।

निर्वाचित सदस्यहरूमा बोदे बर्साइन नगरपालिकाका मोहित नारायण यादव, अर्जुन कुमार साह, खडक नगरपालिकाका बबिताकुमारी मण्डल, सुनिताकुमार चौधरी, हरीहर सदा, शम्भुनाथ नगरपालिकाका पुलकित चौधरी, कामेश्वर चौधरी र सुनिताकुमारी चौधरी छन् ।

यस्तै छिन्नमस्ता गाउँपालिकाका सफिद रहमान मन्सुरी, योगेन्द्र प्रसाद शर्मा, राजगढ गाउँपालिकाका विन्देश्वर यादव, अशोक यादव, अग्नीसाइर कृष्ण सवरण गाउँपालिकाका सुकदेव महतो, होमकुमारी घिमिरे, बलानबिहुल गाउँपालिकाका राजकुमार यादव, सुनिता देबी दास, बिष्णुपुर गाउँपालिकाका शिवनारायण यादव तथा तिरहुत गाउँपालिकाका भोलाकुमार मसैता सदस्यमा निर्वाचित भएका छन् ।

# श्री एयरलाइन्सको जहाज आकस्मिक अवतरण

काठमाडौँ, २५ फागुन (रासस) ।

काठमाडौँबाट भैरहवातर्फ उडेको श्री एयरलाइन्सको जहाजको इन्जिनमा आगोको सङ्केत देखिएपछि आकस्मिक अवतरण गरिएको छ ।

विमानस्थलका प्रवक्ता टेकनाट सिटौलाका अनुसार श्री एयरलाइन्सको उडान नं ८२१ को जहाजको इन्जिनमा 'फायर वार्निङ' देखिएपछि जहाज बिचबाटै काठमाडौँतर्फ फर्काइएको हो । उक्त जहाज त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा केहीबेरअघि सकुशल अवतरण गराइएको र अहिले विमानस्थलको उडान अवस्था सामान्य रहेको उहाँको भनाइ छ ।

काठमाडौँबाट उड्नासाथ चालक दलका सदस्यले इन्जिनमा आगो देखिएको भनेर टावरलाई जानकारी गराएपछि धादिङमाथिको आकाशबाट जहाज फर्काएर त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमै आकस्मिक अवतरण गरिएको हो ।

# प्रदेश सभा सदस्य न्यौपाने लडेर घाइते



**दैनिक समाचारदाता**
**राजविराज, २५ फागुन ।**

राष्ट्रपति निर्वाचनका क्रममा बिहीबार मतदानका लागि संसद भवन नयाँ बानेश्वर पुगेका एक प्रदेश सभा सदस्य लडेर घाइते भएका छन् ।

मधेश प्रदेशका सांसद गोविन्द न्यौपाने मतदान गरी फर्किने क्रममा सिँढीमा लडेका हुन् । उनको टाउकोमा चोट लागेको छ । घाइते सांसद न्यौपानेलाई उपचारका लागि नजिकैको सिभिल अस्पतालमा भर्ना गरिएको प्रहरीले जनाएको छ ।

न्यौपाने सप्तरी ४ (१) बाट निर्वाचित भएका हुन् । उनी नेकपा (एकीकृत समाजवादी) पार्टी मधेश प्रदेशका संसदीय दलका नेता समेत हुन् ।

# जसपाले रामसहाय यादवलाई उपराष्ट्रपतिको उम्मेदवार बनाउने

**दैनिक समाचारदाता**
**राजविराज, २५ फागुन ।**

जनता समाजवादी पार्टी (जसपा) ले उपराष्ट्रपति पदका लागि प्रतिनिधिसभा सदस्य रामसहाय प्रसाद यादवलाई उम्मेदवार बनाउने निर्णय गरेको छ ।



जसपा प्रतिनिघीसभा संसदीय दलका नेता समेत रहेका बारा क्षेत्र नं. २ बाट निर्वाचित सांसद यादवलाई विहिबार पार्टीको सम्पन्न केन्द्रिय कार्यकारणी बैठकले सो निर्णय गरेको हो ।

# उपराष्ट्रपतिमा महिला उम्मेदवार हुनुपर्ने योग्यता निर्धारण गर्न माग

काठमाडौँ, २५ फागुन (रासस) ।

स्वतन्त्र राष्ट्रिय अभियान नेपालले आगामी चैत ३ गते हुने उपराष्ट्रपतिको निर्वाचनमा महिला मात्र उम्मेदवार हुने गरी निर्णय गर्न निर्वाचन आयोगसँग माग गरेको छ ।

आयोगको कार्यालयमा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियालाई भेटेर अभियानका संयोजक स्वागत नेपालसहितको टोलीले बिहीबार उक्त माग गरेको हो ।

अभियानको स्मरणपत्रमा संविधानको धारा ७० मा राष्ट्रपति र उपराष्ट्रपतिमा फरक लिङ्ग वा समुदायको प्रतिनिधित्व हुनुपर्ने व्यवस्था रहेको र राष्ट्रपतिमा पुरूष हुने निश्चित् भएकाले उपराष्ट्रपतिको उम्मेदवार महिला मात्र हुन पाउनुपर्ने जिकिर गर्नुभयो ।

सो अवसरमा प्रमुख आयुक्त थपलियाले राष्ट्रपतिको निर्वाचनको मतपरिणाम प्राप्त भई विजयी उम्मेदवारले प्रमाणपत्र पाइसकेपछि उपराष्ट्रपतिको उम्मेदवारको योग्यता आयोगले निर्णय गर्ने क्रममा उक्त मागपत्र सहयोगी हुने बताउनुभयो ।

उपराष्ट्रपति निर्वाचनका लागि यही फागुन २७ गते उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने कार्यक्रम छ ।

# खोलामा डुबेर एकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २५ फागुन ।**

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकामा बिहीबार मानसिक सन्तुलन ठीक नभएका एक व्यक्तिको महुली खोलामा डुबेर मृत्यु भएको छ ।

सो नगरपालिका ११ सखुबा टोल बस्ने ४५ वर्षिय नरेश यादवको डुबेर मृत्यु भएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार हनुमाननगर जाने ठुलो पुलको पूर्वपटी घर बनाई बस्दै आएको उनको मानसिक सन्तुलन ठिक नभएको र उनी महुली खोलाको नहरमा डुबेको अवस्था मृत फेला परेका हुन् । प्रहरीले घटना सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ ।


**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७



**बालविवाह सामाजिक र कानूनी अपराध हो।**
- बीस बर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी गरेको विवाह सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुबै हुने कानूनी व्यवस्था छ।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रा सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit Quick & Easy, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*